**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मितिः २०८२।०६।२९ गते ।

## प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

जिल्ला सिरहा, कल्याणपुर नगरपालिका वडा नं. ५ चिकनास्थित प्रदेश सरकारको योजनामा सडक डिभिजन, लहानद्वारा निर्माण व्यवसायीलाई काम गराउन दिएको सडक ढलान कार्य योजनामा रु.३ करोड बराबर रकमको गुणस्तरहीन सामाग्री प्रयोग गरी मनोमानी ढंगले कार्य संचालन गरी अनियमितता तथा हिनामिना गरेको भन्ने व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सिरहा, गाढा चिकना सडक (कमलाको बाँधदेखि चिकनाको जमुवा कामतसम्म) को सडक ढलान कार्य योजनाको लागत अनुमान रु.३,४९,६१,६३८।९३ रहेको ठेक्का नं. RDLHN/33701143-4/076-077/68 को ठेक्का जय धनन्जय/रब्बानी जे.भी. बालाजु १६ काठमाडौले ठेक्का प्राप्त गरी मिति २०७७।१२।३० गते कार्य सम्पन्न गर्ने गरी मिति २०७७।०३।२१ सम्झौता गरेको देखिएको। मिति २०७७/९/५ मा कार्य सम्पन भै मिति २०७७/९/२६ मा नापजाँच गरिएको देखिएको। निर्माण अवधिमा निर्माण सामाग्रीको **Cube Casting** गरी तयार गरिएका ५० वटा नमूना सडक डिभिजन, लहानले आफ्नै ल्यावमा परीक्षण गरी निर्धारीत परिणाम देखिने गरी **Lab Report** तयार गरे गराएको देखिएको। निर्माण स्थलको ढलानमा प्रयोग भैसकेको स्थलबाट **Core Cutting** गरी नमूना संकलन गर्नुपर्नेमा प्रतिवादीहरुको आपसी मिलेमतोमा भुक्तानी पूर्व निर्माण सम्पन्न पश्चात निर्माण कार्यमा प्रयोग नभएको नमूनाहरु मिति २०७७।०९।०६, ०७ र ०८ गते **Cube Casting** गरी संकलित १० वटा नमूना पुनः परीक्षण गरिएको देखिएको। यसरी गलत ल्याव रिपोर्ट तयार गरी गराई भुक्तानी लिए दिएको देखिएको।

त्यसैगरी, आयोगको प्राविधिक टोलीले योजनाको निर्माण कार्यको प्रथम पटक मिति २०७८/१२/१७ मा फिल्ड निरीक्षण गरी Core Cutting गरी ल्याएको दुई ओटा Sample हरु मिति २०७८/१२/२२ मा पूर्वाधार विकास कार्यालय, धनुषाको ल्याबमा Compressive Strength Test गरी हेर्दा Design Strength इष्टिमेट तथा नापी किताव बमोजिम २५ N//mm2 हुनुपर्ने ८.१८ n/mm2 र ८.८१ N/mm2 देखिएको।आयोगबाट पुनः मिति २०७९/१/१३ मा ढलानको विभिन्न ३ स्थानको Core Cutting गरी मिति २०७९/१/१४ मा सडक डिभिजन जनकपुर, मुजेलिया, धनुषाको ल्यावमा Compressive Strength Test गरी हेर्दा Design Strength इष्टिमेट तथा नापी किताव बमोजिम २५ N//mm2 हुनु पर्नेमा ६.३७, १२.१ र १०.१९ N/mm2 Strength Result देखिएको।आयोगबाट पुनः मिति २०८१/४/१५ मा सम्बन्धित वडाका वडा अध्यक्ष, योजनामा संलग्न सबइन्जिनयर, सडक डिभिजन लहानका इन्जिनियर समेतको रोहवरमा स्थलगत मुचुल्का सहित Core cutting गरी ३ वटा नमूना संकलन गरी सिलबन्दी गरिएको र सोही नमूना नेपाल विद्युत प्राधिकरण इन्जिनियरिङ्ग सेवा निर्देशनालय माटो, ढुंगा तथा कंक्रिट प्रयोगशाला, बालाजुमा परीक्षणको लागि पठाएकोमा मिति २०८१/४/३२ मा परीक्षण भएको Test Result Sample C1 (0+004), C2(0+372), C3 (0+739) क्रमशः १०.४३, १७.८६, १०.५७ MPA(N/mm2) उल्लेख भएको भन्नेसमेत व्यहोराको प्रतिवेदन देखिएबाट राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो सार्वजनिक पदको दुरुपयोग गरी गराई **निर्माण ब्यवसायी कम्पनी जय धनन्जय/रब्बानी जे.भी.को तर्फबाट अधिकार प्राप्त रब्बानी कन्सट्रक्सनका प्रोपराइटर जफिर कवारीसमेत सँगको मिलोमतोमा** आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले उक्त जिल्ला सिरहा गाढा चिकना सडक (कमलाको बाँधदेखि

चिकनाको जमुवा कामतसम्म) को सडक ढलान कार्य (**Rigid Pavement works on Gadha Chikana sadak Siraha (Kamal ko Badh dekhi Chikana ko Jamuwa kamat samma)**) ठेक्का नं. RDLHN/33701143-4/076-077/68 को योजनाको कार्यमा निर्माण सम्झौताका शर्त विपरीत तोकिएको गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामाग्री प्रयोग गरी गराई, निर्धारित शर्त तथा मापदण्ड विपरीत कार्य गरी गराई झुट्टा विल भरपाई र झुट्टा नमूना परीक्षण गराएको नमूना परीक्षण रिपोर्ट पेश गरी गराई र सोही झुट्टा विवरण स्वीकार गरी जम्मा रु.२,३४,९९,९४५/२२ (दुई करोड चौतीस लाख उनान्सय हजार नौ सय पैतालीस पैसा बाइस रुपैयाँ) भुक्तानी लिए दिएको तथ्य स्थापित भएको देखिएबाट उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) र दफा १९ को उपदफा (२) समेतबमोजिमको कसूर भएको हुँदा देहायका प्रतिवादीहरु उपर देहाय वमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सडक डिभिजन कार्यालय लहान, सिरहाका तत्कालीन डिभिजनल इन्जिनियर (कार्यालय प्रमुख) **रविन्द्रलाल दास**, तत्कालीन इन्जिनियर **शैलेन्द्र कुमार चौधरी** र सव-इन्जिनियर **चन्द्रकान्त चौधरी** | जनही रु.२,३४,९९,९४५/२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूर भएको हुँदा बिगो रु. दुई करोड चौतीस लाख उनान्सय हजार नौ सय पैतालीस रुपैया पैसा बाइस कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन एवं गलत ल्याब रिपोर्ट तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | जय धनन्जय/रब्बानी जे.भी. तथा उक्त जे.भी.को तर्फबाट अधिकार प्राप्त रब्बानी कन्सट्रक्सनका **प्रोपराइटर जफिर कवारी** | रु.२,३४,९९,९४५/२२ | मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ख), (ग) र (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु. दुई करोड चौतीस लाख उनान्सय हजार नौ सय पैतालीस रुपैया पैसा बाइस कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

राजेन्द्र कुमार पौडेल